आज मिति २०७३ साल जेठ १४ गते शुक्रबारका दिन बिहान ८ बजे स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फको करार सेवामा कार्यक्रम अधिकृत नियुक्ति गर्नका लागि तय गरिएको एकीकृत समितिको बैठक बनेपा नगरपालिकाका कार्यकारी अधिकृत श्री हुमनाथ शर्मा ढकालको अध्यक्षतामा बसी तपसीलका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री हुमनाथ शर्मा ढकाल, | कार्यकारी अधिकृत, बनेपा न.पा | अध्यक्ष |
| श्री विनोद भट्टराई, | कार्यकारी अधिकृत, धुलिखेल नपा | सदस्य |
| श्री डम्बरु दाहाल, | कार्यकारी अधिकृत, दाप्चा काशीखण्ड नपा | सदस्य |
| श्री श्यामकुमार खडका , | कार्यकारी अधिकृत, पनौती नपा | सदस्य |
| श्री वासुदेव भेटुवाल, | कार्यकारी अधिकृत, पाँचखाल नपा | सदस्य |
| श्री सुनिलराज गिरी, | प्र.जि.इ., जिल्ला प्राविधिक कार्यालय | सदस्य |
| श्री धोलकराज ढकाल, | यो.अ.तथा प्र.अ., जि.वि.स. | सदस्य |

**निर्णय नं. १ :**

मिति २०७३ साल जेठ १३ गतेको बैठकको निर्णयबाट स्वीकृत गरिएको पाठयक्रम तथा परीक्षा योजना बमोजिमको ३ सेट कच्चा प्रश्नपत्र तयार गर्न विज्ञहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं .२ :**

कार्यक्रम अधिकृतका लागि प्रकाशित विज्ञापन अनुसार दरखास्त पेश गर्ने उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम श्रावण महिनाको तेश्रो हप्तामा गर्ने निर्णय गरियो ।